# आकाशवाणी समाचार- नेपाली

मितिः १७ अक्टुबर २०२५

समयः ०७.२५ - ०७: ३५ बजे (*अवधिः १० मिनट*)

**मुख्य समाचार**

- राष्ट्रपति द्रौपदी मुर्मु आज नयाँ दिल्लीमा आदि कर्मयोगी अभियान सम्बन्धी राष्ट्रिय सम्मेलनमा उपस्थित हुनुहुनेछ ।

- विदेशमंत्री डा. एस. जयशंकरले 2023 मा द्विपक्षीय सम्बन्धलाई रणनीतिक साझेदारीको स्तरसम्म पुर्याएपछि विभिन्न क्षेत्रमा भारत-मिस्र सहयोग प्रगाढ़ भएको बताउनु भएको छ ।

- भारतले अफगानिस्तान र पाकिस्तान बीचको अवस्थालाई नजिकबाट नियालिरहेको विदेश मन्त्रालयले बताएको छ।

- कृषि तथा किसान कल्याण मन्त्री शिवराज सिंह चौहानले हिजो नयाँ दिल्लीमा किसानहरूको गुनासो समाधानको सम्बन्धमा एक बैठक आयोजना गर्नु भयो।

- खेलो इन्डिया विश्वविद्यालयको पाचौ संस्करण १४ नोभेम्बरदेखि राजस्थानका सात शहरहरूमा आयोजना हुनेछ।

**राष्ट्रपति- राष्ट्रिय सम्मेलन**

राष्ट्रपति द्रौपदी मुर्मु आज नयाँ दिल्लीमा आदि कर्मयोगी अभियान सम्बन्धी राष्ट्रिय सम्मेलनमा उपस्थित हुनुहुनेछ । प्रधानमन्त्री नरेन्द्र मोदीले प्रतिपादन गर्नुभएको विकसित भारतको दृष्टिकोण अन्तर्गत आदिवासी मामिला मन्त्रालयले यो सम्मेलन आयोजना गरिरहेको छ। यो सम्मेलन प्रधानमंत्री जनमन अनि धरती आबा अभियानको संयोजनमा आयोजित भइरहेको छ । केन्द्रीय आदिवासी मामिला मन्त्री जुएल ओराम, आदिवासी मामिला राज्यमन्त्री, केन्द्रीय र राज्य सचिवहरू, जिल्ला मजिस्ट्रेटहरू, मास्टर प्रशिक्षकहरू र देशभरका आदि सहयोगी प्रतिनिधिहरू पनि यस कार्यक्रममा सहभागी हुनेछन्। सम्मेलनले आदिवासी गाउँ दृष्टिकोण २०३० लाई विचारधारादेखि कार्यान्वयनसम्म केन्द्रित गर्नेछ। कार्यक्रमको प्रमुख आकर्षण आदिवासी गाउँ दृष्टिकोण २०३० को अवधारणा हो। सम्मेलनको क्रममा, पाँच विषयगत समूहहरूले शिक्षा र सीप विकास, स्वास्थ्य र पोषण, जीविकोपार्जन र उद्यमशीलता, पूर्वाधार र शासन अनि संस्थागत सुदृढीकरण लगायत प्राथमिकताका क्षेत्रहरूमा छलफल गर्नेछ।

**जयशंकर – मिश्र**

विदेशमंत्री डा. एस. जयशंकरले 2023 मा द्विपक्षीय सम्बन्धलाई रणनीतिक साझेदारीको स्तरसम्म पुर्याएपछि विभिन्न क्षेत्रमा भारत-मिस्र सहयोग प्रगाढ़ भएको बताउनु भएको छ । हिज साँझ नयाँ दिल्लीमा मिश्रका विदेशमन्त्री डा. बद्र अब्देलातीसँगको पहिलो भारत-मिश्र रणनीतिक संवादमा आफ्नो उद्घाटन भाषणमा डा. जयशंकरले भन्नु भयो, आजको छलफलले परिस्थितिको समीक्षा गर्ने र दुवै देशका नेताहरूको दृष्टिकोणलाई साकार पार्ने मार्गचित्र बनाउने अवसर प्रदान गर्दछ। उहाले पहलगाम आतंकवादी हमलापछि मिश्रले देखाएको ऐक्यबद्धताको प्रशंसाच गर्नु भयो । उहाले गाजा शान्ति योजनालाई साकार पार्न मिश्र र यसको नेतृत्वको योगदानको पनि प्रशंसा गर्नु भयो ।

BYTE

**विदेश मंत्रालय-अफ़ग़ानिस्तान-पाकिस्तान**

भारतले अफगानिस्तान र पाकिस्तान बीचको अवस्थालाई नजिकबाट नियालिरहेको विदेश मन्त्रालयले बताएको छ। मन्त्रालयका प्रवक्ता रणधीर जयसवालले हिजो नयाँ दिल्लीमा पाकिस्तानले आतंकवादी संगठनहरूलाई आश्रय दिने गरेको र आतंकवादी गतिविधिहरूलाई प्रायोजन गर्दछ भन्ने कुरा स्पष्ट रहेको बताउनु भएको छ । उहाले थप भन्नु भयो, आफ्नो आन्तरिक असफलताको लागि छिमेकीहरूलाई दोष दिनु पाकिस्तानको लामो समयदेखिको अभ्यास हो। श्री जयसवालले भन्नु भयो,

भारतले अफगानिस्तानको सार्वभौमसत्ता, क्षेत्रीय अखण्डता र स्वतन्त्रतालाई पूर्ण रूपमा समर्थन गर्दछ। काबुलमा भारतीय मिसनको बारेमा, उहाले भन्नु भयो, भारतको प्राविधिक मिसन जुन २०२२ देखि काबुलमा सञ्चालनमा छ। उहाले यसलाई आगामी केही दिनमा दूतावासमा रूपान्तरण गरिने बताउनु भयो।

BYTE

**बिहार चुनाव -नामांकन**

बिहार विधानसभा चुनावको पहिलो चरणको लागि नामांकन दर्ता गर्ने प्रक्रिया आज समाप्त हुनेछ। नोभेम्बर ६ मा कुल २४३ सिटमध्ये १२१ निर्वाचन क्षेत्रमा मतदान हुनेछ। पहिलो चरणको चुनावमा पटना, दरभंगा, मुजफ्फरपुर, गोपालगंज र भोजपुर जिल्लाहरू समेटिएका छन्। नामांकन पत्रहरूको छानबिन भोलि हुनेछ भने उम्मेदवारी फिर्ता लिने अन्तिम मिति २० अक्टोबर रहेको छ। यसरी नै दोस्रो चरणको मतदान ११ नोभेम्बरमा हुनेछ र मतगणना १४ नोभेम्बरमा हुनेछ।

**गुजरात- मन्त्रिपरिषद्**

गुजरातका मुख्यमन्त्री भूपेन्द्र सिंह पटेलले आज आफ्नो मन्त्रिपरिषद् पुनर्गठन गर्नु हुनेछ। राज्यमा भएको एउटा ठूलो राजनीतिक घटनाक्रममा, मुख्यमन्त्री भूपेन्द्र पटेल बाहेक सम्पूर्ण राज्य मन्त्रिपरिषद्ले राजीनामा दिएका छन्। मुख्यमन्त्रीले उनीहरूको राजीनामा स्वीकृत गर्नु भएको थियो।

**शिवराज सिंह चौहान**

कृषि तथा किसान कल्याण मन्त्री शिवराज सिंह चौहानले हिजो नयाँ दिल्लीमा किसानहरूको गुनासो समाधानको सम्बन्धमा एक बैठक आयोजना गर्नु भयो। कृषि तथा किसान कल्याण मन्त्रालयले बैठकमा मल, बीज , कीटनाशक, प्रधानमन्त्री फसल बीमा योजना र प्रधानमन्त्री किसान पोर्टल सम्बन्धी गुनासोहरूमाथि छलफल भएको बताएको छ। श्री चौहानले गुनासोहरू लामो समयसम्म पेन्डिङ नहोस् भनेर समाधान गर्न निश्चित समयसीमा तोक्नुपर्ने बताउनु भयो। उहाले किसानहरू पूर्ण रूपमा सन्तुष्ट नभएसम्म कुनै पनि गुनासोमा कारबाही रोक्न नहुने बताउनु भयो। श्री चौहानले अधिकारीहरूलाई गुनासोहरू बढी भएका तर कारबाहीमा ढिलाइ भइरहेको राज्यहरू पहिचान गर्न निर्देश पनि दिनु भएको छ।

**जीएसटी**

प्रधानमन्त्री नरेन्द्र मोदीले घोषणा गर्नु भएको जीएसटी बचत महोत्सवबाट समाजका सबै वर्ग लाभान्वित भइरहेका छन्। यो महोत्सव गत महिनाको २२ तारिखबाट सुरु भएको थियो। यसै शृङ्खलामा, आज हामी केरलाको अर्थ व्यवस्थामा जीएसटी सुधारको प्रभाबारे जानाकरी दिनेछौ।

BYTE

**भूपेन्द्र यादव- जी 20**

केन्द्रीय पर्यावरण , वन तथा जलवायु परिवर्तन मन्त्री भूपेन्द्र यादवले प्रत्येक राष्ट्रको योगदानको सम्मान गर्न र प्रत्येक राष्ट्रको क्षमता अभिवृद्धि गर्न जी20 ले महत्वाकांक्षा र कार्यान्वयन बीच पुलको रूपमा काम गर्नुपर्ने बताउनु भएको छ। उहाले हिजो दक्षिण अफ्रिकामा जी 20 जलवायु तथा पर्यावरणीय दिगोपन कार्य समूहको मन्त्रीस्तरीय बैठकको उद्घाटन सत्रलाई सम्बोधन गर्नु हुदै यस्तो भन्नु भएको हो। उहाले देशले जैविक विविधता संरक्षणको लागि प्रस्तावित पारिस्थितिक प्रणालीमा आधारित दृष्टिकोण, सहभागितामूलक कार्यान्वयन र भूदृश्य-स्तर संरक्षण मोडेलहरूमा साँच्चै विश्वास र समर्थन गर्ने बताउनु भयो। उहाले जैविक विविधताको वस्तुकरणमा सावधानी अपनाउनु पर्ने आवश्यकतामा पनि जोड दिनु भयो र यसको गहन जाँच गर्न आह्वान गर्नु भयो। श्री यादवले जलवायु संरक्षणले विकासलाई समर्थन गर्ने , तर सबै देशहरूले पनि समान जिम्मेवारी बाँड्नुपर्ने बताउनु भयो। श्री यादवले अर्थपूर्ण र मूर्त परिणामहरू प्राप्त गर्न समग्र सामाजिक दृष्टिकोण र मानिसहरूलाई पर्यावरणमैत्री जीवनशैली अपनाउन प्रोत्साहित गर्ने कुरामा जोड दिनु भयो। उहाले आधारभूत कुराहरूमा फर्कने सान्दर्भिकता र भविष्यतर्फ अघि बढ्ने महत्त्वलाई पनि प्रकाश पार्नु भयो , जुन विषयमा गत वर्ष जी-20 शिखर सम्मेलनमा प्रधानमन्त्री नरेन्द्र मोदीले जोड दिनु भएको थियो।

**खेलो इन्डिया**

खेलो इन्डिया विश्वविद्यालयको पाचौ संस्करण १४ नोभेम्बरदेखि राजस्थानका सात शहरहरूमा आयोजना हुनेछ। खेलो इन्डियाको पाँचौं संस्करण जयपुर, अजमेर, उदयपुर, जोधपुर, बीकानेर, कोटा र भरतपुरमा आयोजना हुनेछ। १२ दिने खेलहरूमा देशभरका ५ हजार भन्दा बढी खेलाडीहरूले भाग लिनेछन्। केन्द्रीय युवा मामिला तथा खेलकुद मन्त्री मनसुख मांडवियाले प्रधानमन्त्री नरेन्द्र मोदीको दृष्टिकोण अनुरूप खेलो इन्डिया पहलले एक बलियो खेलकुद इकोसिस्टम निर्माण गरेको बताउनु भएको छ । डा. मांडवियाले राजस्थानमा विश्वविद्यालय खेलहरूले हजारौं विद्यार्थीहरूलाई आफ्नो पढाइसँगै खेलकुदमा लाग्न प्रेरित गर्ने बताउनु भयो । उहाले यी खेलहरूले प्रतिस्पर्धा र सौहार्दता मार्फत "एक भारत श्रेष्ठ भारत" को भावनालाई बलियो बनाउने भयो । यस वर्ष खेलकुदमा धनुर्विद्या, एथलेटिक्स, ब्याडमिन्टन, बास्केटबल, बक्सिङ, फेन्सिङ, फुटबल, हक्की, जुडो, कबड्डी, मल्लखम्ब, रग्बी, सुटिङ, पौडी, टेबल टेनिस, टेनिस, भलिबल, भारोत्तोलन, कुस्ती, योगा , साइकल चलाउने, बीच भलिबल, क्यानोइङ र कायाकिङ समावेश छन्।

**सीबीआई- पन्जाब**

केन्द्रीय अन्वेषण ब्यूरो (सीबीआई) ले पञ्जाबका वरिष्ठ भारतीय पुलिस सेवा अधिकारी हरचरण सिंह भुल्लरलाई घुसखोरीको मुद्दामा पक्राउ गरेको छ। सीबीआईले यस मुद्दामा सम्बन्धित अर्को एक व्यक्तिलाई पनि पक्राउ गरेको छ। २००९ ब्याचका आईपीएस अधिकारी हरचरण सिंह भुल्लर हाल रोपर रेन्जमा पुलिस उपमहानिरीक्षकको पदमा कार्यरत छन्। उजुरीको आधारमा सीबीआईले उनलाई चण्डीगढस्थित उनको कार्यालयबाट पक्राउ गरेको थियो। अधिकारीले उजुरीकर्ता विरुद्ध दायर गरिएको एफआईआर मिलाउन मध्यस्थकर्ता मार्फत घुस मागेको आरोप छ।

**नेपाल-भारत इक्विटी निवेश**

नेपाल सरकारले भारत र नेपालबीच दुई प्रमुख सीमापार प्रसारण लाइन निर्माणका लागि ३ अरब नेपाली रुपियाँको इक्विटी लगानी स्वीकृत गर्ने निर्णय गरेको छ। यो निर्णयले दुई देशबीचको विद्युत सम्बन्धलाई बलियो बनाउनेछ।

****** ० ******